# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६, भाग २, संख्या २५, मिति २०८१ बैशाख २६ गते

## भाग-१

## तिनाउ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयपाल्पा ,दोभान ,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा बमोजिम तिनाउ गाउँपालिका (३), गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### "तिनाउ गाउँपालिकामा पोषण प्रवर्द्धन तथा नियमित तौल अनुगमन प्रोत्साहनका लागि कुखुराको चल्ला वितरण कार्यविधि २०८१"

**प्रस्तावनाः** सामाजिक र मानविय पुँजी विकासको बाधकको रुपमा रहेको कुपोषणको अन्त्यका लागि विभिन्न प्रयासहरु हुदै आएका छन्। दिगो विकास लक्ष्य २०३० को १७ वटा मध्ये १२ वटा लक्ष्यहरुमा पोषणसँग सम्वन्धित सुचकहरु समावेश गरिएका छन् । बालबालिकाहरुमा कुपोषणको अन्त्य गर्नका लागि गर्भावस्था देखि नै ध्यान दिनुपर्ने हुन्छ। कुपोषण चक्रको निरन्तरताको अवस्थालाई विथोल्न सके मात्र स्वस्थ समाजको परिकल्पना गर्न सकिन्छ।बालबालिकाहरुको शारीरिक विकासको अनुगमनको लागि मासिक रुपमा नियमित तौल अनुगमन गर्ने गरिन्छ, जुन पोषणमैत्री स्थानिय तह, बालमैत्री स्थानिय तह, पोषणमैत्री स्वास्थ्य संस्थाको एक सुचक पनि रहेकाले बालबालिकाको पोषणमा सुधार तथा नियमित तौल अनुगमनलाई प्रोत्साहन गर्नका लागि तिनाउ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७६ दफा ४ बमोजिम सुनौलो हजार दिन समुहलाई चल्ला वितरण कार्यविधि तयार गरिएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधीको नाम "तिनाउ गाउँपालिकामा पोषण प्रवर्द्धन तथा नियमित तौल अनुगमन प्रोत्साहनका लागि कुखुराको चल्ला वितरण कार्यविधि २०८१" हुनेछ।

(२) यो कार्यविधी स्विकृत भएको मिती २०८१ वैशाख २६ गते देखि लागु हुनेछ।

**२) परिभाषाः** (१) विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधिमा

क) "गर्भजाच" भन्नाले प्रोटोकल अनुसार ४, ६, ८ र ९ औ महिनामा गरिने गर्भजाँचलाई जनाउनेछ।

ख) "संस्थागत सुत्केरी" भन्नाले नेपाल सरकारद्धारा मान्यता प्राप्त निजी तथा अन्य स्वास्थ्य संस्थामा बच्चा जन्माउनुलाई बुझिनेछ।

ग) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वामित्वमा रहेका वा सरकारबाट मान्यता प्राप्त प्रसुति सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थालाई जनाउनेछ।

घ) "प्रोत्साहन" भन्नाले सम्वन्धित कार्य गर्नका लागि उत्प्रेरणा दिने वा सो कार्य गर्न अभिप्रेरित गर्ने कार्यलाई जनाउने छ।

ङ) "पोषण प्रवर्द्धन" भन्नाले सुपोषण तथा पोषणजन्य क्रियाकलापको सकारात्मक गतिविधी बढाउने भन्ने बुझिनेछ।

च) "सुनौलो हजार दिन" भन्नाले गर्भ रहेको अवस्थादेखि बच्चा दुई बर्ष पुग्दा सम्मको समयावधिलाई जनाउनेछ।

छ) "कुखुराको चल्ला" भन्नाले स्थानिय जात वा हाईब्रिड जात वा दुवै प्रकारका कुखुराको चल्ला भन्ने बुझ्नुपर्नेछ।

ज) "नियमित तौल अनुगमन" भन्नाले बच्चा जन्मेदेखि २३ महिनासम्म मासिक कम्तीमा एक पटक स्वास्थ्य संस्था वा स्वास्थ्य संस्थाले निर्धारण गरेको स्थान र व्यक्तीबाट तौल जोखी अभिलेख राखेको भन्ने बुझिनेछ।

झ) "गाउँ कार्यपालिका कार्यालय" भन्नाले तिनाउ गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउने छ।

ञ) "बालविवाह" भन्नाले २० वर्षको उमेर नपुग्दै गरिएको विवाहलाई जनाउनेछ।

ट) "स्थानिय स्वास्थ्य संस्था" भन्नाले तिनाउ गाउँपालिका भित्रको स्वास्थ्य संस्था भन्ने बुझिनेछ।

ठ) "सेवा" भन्नाले गर्भजाच तथा बालबालिकाको तौल अनुगमन सेवालाई बुझिनेछ।

**३. उद्देश्यः**

क) तिनाउ गाउँपालिकाका सुनौलो हजार दिन समुहमा पोषण प्रवर्द्धन गर्ने।

ख) बालबालिकाहरुको नियमित तौल अनुगमनमा वृद्धि गर्ने।

**४. कार्यक्रम विवरणः**

यो कार्यक्रम तिनाउ गाउँपालिकाको ६ वटै वडामा लागुहुनेछ।

## परिच्छेद - २

## सञ्चालन प्रक्रिया

**५) चल्ला प्राप्त गर्न आवश्यक सर्तहरु:**

क) स्थानिय स्वास्थ्य संस्था नाम दर्ता भई सेवा लिएको हुनुपर्नेछ।

ख) सुत्केरीको हकमा प्रोटोकल अनुसार गर्भ जाच गरी स्वास्थ्य संस्थामा सुत्केरी . भएको हुनुपर्नेछ।

ग) नियमअनुसारको तौल अनुगमन भएको हुनुपर्नेछ।

घ) वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीको सिफारिसमा नाम समावेश भएको हुनुपर्नेछ।

ङ) २० वर्ष भन्दा अगाडीका गर्भवति र तिनीहरुबाट जन्मेका बालबालिकाहरु सुनौलो हजार दिनमा समावेश हुनेछैनन्।

**६) कुखुराको चल्ला वितरण:**

क) प्रति सेवाग्राही वितरण गरिने कुखुराका चल्लाहरुको संख्या वडाबाट सिफारिस भई आएको सेवाग्राहीको संख्या र बजेटको परिधि भित्र रहेर एकिन गरिनेछ।

ख) कुखुराका चल्लाहरु २१ दिन देखि २८ दिनसम्मका संख्या र बजेट बमोजिम तय गरिनेछ।

ग) वितरण गरिने कुखुराका चल्लाहरुले उमेर अनुसार लगाउनुपर्ने सम्पूर्ण खोपहरु लगाएको हुनुपर्नेछ।

घ) कुखुराका चल्लाहरु तिनाउ गाउँपालिकाको हावापानीमा टिक्नसक्ने हुनुपर्नेछ।

## परिच्छेद - ३
## अनुगमन, मुल्याङ्कन तथा अभिलेख

**७) अनुगमन, मुल्याङ्कन तथा अभिलेख व्यवस्थाः**

(क) चल्ला प्राप्त गर्न सक्ने सुनौलो हजार दिन समुहको सेवा प्राप्त गरेको अभिलेख वडाको स्वास्थ्य संस्थामा स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीको रजिष्टर अनुसार राख्नुपर्नेछ। सोही रजिष्टरको आधारमा वडास्तरको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीले दफा (५) बमोजिमका सर्तहरु पुरा गरे नगरेको मुल्यांकन गरी नाम सिफारिस गर्नुपर्नेछ।

(ख) प्राप्त गरेका चल्लाहरुको सदुपयोग भए नभएको अनुगमन मुख्य रुपमा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले गर्नुपर्नेछ वा आवश्यकता अनुसार अन्य व्यक्ती वा निकायलाई पनि अनुगमनमा खटाउन सक्नेछ।

# परिच्छेद - ४

## विविध

**<u>८) आर्थिक पक्षः</u>** (क) यस कार्यविधि अनुसार सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक पक्ष तिनाउ गाउँपालिकाबाट विनियोजित बजेट वा अन्य निकायबाट विनियोजित व्यवस्था बमोजिम हुनेछ।

**<u>९) गुनासो वा उजुरीः</u>** (क) यस कार्यक्रमसँग सम्वन्धित कुनै किसिमको गुनासो वा उजुरी आएमा पालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिती वा तिनाउ गाउँ कार्यपालिका वा सम्वन्धित निकायले व्यवस्थापन गर्नेछ।

**<u>१०) व्याख्या तथा संसोधनः</u>** (क) यस कार्यविधीका बुँदाहरुलाई संसोधन वा थपघट गर्ने अधिकार तिनाउ गाउँकार्यपालिकामा मात्र निहित हुनेछ।

प्रमीणकरण मिति :२०८१।०१।२६

आज्ञाले,
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकिय अधिकृत